स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



जितु नेपालको निर्माण र शीर्ष अभिनय रहेको फिल्म "आइएम जितबहादुर"को संक्षिप्त टिजर युट्युबमा रिलिज भएको छ । टिजरले मुख्य पात्र जितुको "क्यारेक्टर लुक्स" बारे जानकारी दिन्छ । प्रदर्शन मिति घोषणा गरिएको छैन, यद्यपि, फिल्मको प्रदर्शन ५ असारमा गर्ने तयारी छ । यसको औपचारिक घोषणा हुन बाँकी छ । नयाँ पोस्टर मार्फत प्रदर्शन मिति घोषणा हुने जानकारी जितुले दिए ।

**आजको विचार...**



नेपाली...
*(दुई पेजमा)*

दुर्गा प्रसाद अर्याल



स्वस्तिमा खड्का एक नेपाली अभिनेत्री हुन् । जो मुख्य रूपमा नेपाली सिनेमामा काम गर्छिन् । खड्काले सन् २०१५ को किशोर प्रेमप्रसंगयुक्त "होस्टल रिटर्न्स"मा अभिनेत्रीको रूपमा पदार्पण गरेकी थिइन्, जसका लागि उनलाई सर्वश्रेष्ठ सहायक अभिनेत्रीको लागि राष्ट्रिय चलचित्र पुरस्कारका लागि मनोनयन गरिएको थियो। यो प्रारम्भिक सफलता व्यवसायिक रूपमा सफल चलचित्रहरुको शृङ्खलाद्वारा पछ्याइएको थियो।

❑ वर्ष ३१ ❑ अंक २३८ ❑ २०८२ चैत १३ गते शुक्रबार 27 March 2026, Friday ❑ पृष्ठ संख्या ४ मूल्य रु ५/-

## संक्षिप्त समाचार

### ड्रोन आक्रमणमा २८ जनाको मृत्यु

**(रासस/एएफपी)**

**खार्तुम,** चैत १२/सुडानमा भएको ड्रोन आक्रमणमा, कम्तीमा २८ जना सर्वसाधारणको मृत्यु भएको स्वास्थ्यकर्मीलाई उदृत गर्दै बिहीबार एएफपीले जनाएको छ । सुडानी सेना र अर्ध-सैनिक द्रुत समर्थन बल ( आरएसएफ) बीचको लामो युद्धको कारण हाल दैनिक ड्रोन आक्रमणमा वृद्धि भएको छ जसमा एकै पटकमा दर्जनौंको निर्दोश नागरिकको ज्यान गएको जनाइएको छ । उत्तरी डार्फर राज्यको सराफ ओमरा सहरको बजारमा भएको आक्रमणमा एक शिशु सहित २२ जनाको मृत्यु हुनका साथै थप १७ जना घाइते भएको स्थानीय क्लिनिकका एक स्वास्थ्य कार्यकर्तालाई उदृत गर्दै एएफपीले बताएको छ । ड्रोनले पार्क गरिएको तेल ट्याङकमा प्रहार गर्दा ट्याङकरसहित बजारको केही भागमा आगो लागेको सराफ ओमरा र दुर्गम डार्फर क्षेत्रका बजारका बिक्रेता हमिद सुलेमानले बताए । डार्फरमा आरएसएफको गढबाट करिब ८०० किलोमिटर पूर्वमा भएको अर्को ड्रोन आक्रमणका कारण सेनाको क्षेत्रको उत्तरी कोर्डोफान सडकमा कुदीरहेको ट्रकमा आगो लागेको जनाइएको छ । अस्पतालमा आएका छ वटा शवहरू मध्ये तीनवटा जलेका दश जना घाइते भएको जनाइएको छ । थिए", एल-राहादको स्थानीय अस्पतालको चिकित्सा स्रोतले आक्रमणको दोष आरएसएफलाई दिएको एएफपीले बताएको छ।सुडानमा लामो समय चलेकोको युद्धले दशौं हजारको ज्यान लिनुका साथै लगभग एक करोड १० लाख विस्थापित भएको जनाइएको छ ।

# कृषिमा परागसेचन घट्दै जान थालेपछि पाल्पाका दुई पालिकामा 'परागसेचन परियोजना' सुरु

**कृष्ण पोखरेल**

**पाल्पा,** चैत १२/ बिरुवामा हुने प्रजनन प्रक्रिया हो, परागसेचन । किराहरूबाट हुने परागसेचनकै भरमा अधिकांश बालीहरूमा फल र बिउ उत्पादन हुन्छ । पर्यावरणीय सेवाको रूपमा रहेको परागसेचन करिब ७५ प्रतिशत बाली र ८० प्रतिशत जंगली प्रजातिको प्रजननमा आवश्यकता पर्छ। मौरी, भिरमौरी, भिंगा, बारुलालगायतका किराहरूले परागसेचनमा महत्वपूर्ण भूमिका खेल्छन् । तर पछिल्लो समय त्यहि परागसेचन कृषिमा घट्दै जान थालेको छ । जिल्लाको कृषि क्षेत्रमा परागसेचन घट्दैन थालेपछि यहाँका तानसेन नगरपालिका र बगनसकाली गाउँपालिकामा 'परागसेचन परियोजना' सुरु भएको छ । नेपाल परागसेचन परियोजना अन्तर्गत विदेशी तथा स्वदेशी संघ संस्थाको सहयोगमा दिगो कृषि र जैविक विविधताका लागि परागसेचन वैज्ञानिक परीक्षण तथा संवर्द्धन गर्ने उद्देश्यले यहाँ सो परियोजना सुरु भएको हो ।



हर्ड इन्टरनेशन र लिवर्ड सहित ५ वटा साझेदार संस्थाहरूको सहयोगमा सञ्चालित यस परियोजनाले यी दुई पालिकालाई कार्यक्षेत्र बनाएर अध्ययन तथा अनुसन्धानको थालनी गरेको छ । हर्ड इन्टरनेशनल नेपालले तानसेनमा पालिकास्तरीय प्रारम्भिक समन्वय तथा परिचयात्मक बैठकको आयोजना गरेर परियोजनाका बारेमा जानकारी गराएको छ । परियोजनाले यी दुई पालिकामा सुन्तला, तोरी र काक्रो वालीमा परागसेनको अवस्थाको बारेमा पूर्ण रुपमा अनुसन्धान गर्ने छ । यो परियोजनाले सन् २०२९ सम्म पाल्पामा रहेर परागसेचनका विविध पक्षमा काम गर्ने छ । परियोजनाले कृषक सचेतना, पराग सेचनका प्राकृतिक जिवाणु बढाउने, विद्यालयका शिक्षक तथा बालबालिका सचेतना, सरकोकारवाल पक्षसँग समय समयमा पैरवी कार्यक्रमलाई प्राथमिकता दिएको परियोजना संयोजक एव कृषि अधिकृत केदार नेपालले बताए । पछिल्लो समय नेपालमा मौरी, भमरा, पुतली जस्ता प्राकृतिक परागसेचकहरूको संख्यामा तीव्र गिरावट आइरहेको छ । खेतीपातीमा रासायनिक विषादीको अनियन्त्रित प्रयोगले परागसेचक कीराहरू मौरी, भमरा र पुतली जस्ता प्राकृतिक किराहरु मर्दै गएका छन् । वन फँडानी, आगलागी, बाढी पहिरो र अव्यवस्थित सहरीकरणका कारण यस्ता जीवहरूको प्राकृतिक बासस्थान नासिदै गएको छ । जलवायु परिवर्तनका कारण तापक्रममा भएको वृद्धि र वर्षाको अनिश्चित चक्रले परागसेचकहरूको जीवनचक्र र फूल फुल्ने समयबीचको तालमेल विग्रिएकोले पनि परम्परागत परागसेचन प्रक्रियामा अवरोध बढेकोले अध्ययन अनुसन्धानबाट ठोस कुरा पत्ता लगाई नितीगत रुपमा प्राकृतिक परागसेचनलाई सुन्तुलित बनाउन परियोजनाले काम गरेको परियोजना संयोजक नेपालले बताए ।

बाली नालीमा परागसेचनमा कमी आउँदा केवल प्रकृतिलाई मात्र नभई प्रत्यक्ष रूपमा किसान र आमउपभोक्तालाई समेत असर परेको कृषि विज्ञहरू बताउँछन् । परागसेचनको कमीले फलफूल र तरकारीको उत्पादनमा ठूलो गिरावट आएको छ, जसले किसानको आम्दानी घटाएको छ भने खाद्य असुरक्षालाई बढाएको छ । उत्पादन घट्दा बजारमा महँगी बढ्ने र पोषणयुक्त खाद्यान्नको अभाव हुने जोखिम बढेको छ । जसले गर्दा समग्र चक्रिय प्राकृतिक प्रणाली नै कमजोर बनेको छ ।

प्राकृतिक परागसेचन बढाउन, कृषकहरुले खेतीपातीमा रासायनिक विषादीको विकल्पमा जैविक विधिहरू अपनाउने, प्रयोग गर्नै परेमा हरियो स्टिकरको विषादी मात्र प्रयोग गर्ने, खेतबारीको डिलमा परागसेचकलाई आकर्षित गर्ने फूलहरू रोप्ने, एउटै वाली नाली नलगाई फरक(फरक किसिमका वाली नाली लगाउने, किसान र स्थानीय समुदायलाई परागसेचनको महत्व र संरक्षणका विधिबारे तालिम दिने, स्थानीय स्तरमा रहेका रैथाने परागसेचकहरूको पहिचान र तिनको संरक्षणका लागि नीतिगत व्यवस्थाको परियोजना मार्फत पहल गर्ने परियोजना संयोजक नेपालले बताए ।

*(... बाँकी अन्तिम पेजमा)*

# बेमौसमी वर्षाले इँटा उद्योगमा क्षति

**सिद्धार्थनगर (भैरहवा),** चैत १२/ बेमौसमी वर्षासँगै आएको हावाहुरीका कारण रूपन्देहीका इँटा उद्योगमा करोडौंको आर्थिक क्षति भएको छ । पोल्न तयारी अवस्थामा राखिएका काँचो इँटा भिजेर नष्ट हुँदा उद्योगी समस्यामा परेका छन् । लुम्बिनी इँटा उद्योग व्यवसायी सैका पूर्वअध्यक्ष अजयकुमार गुप्ताका अनुसार गत साताको वर्षाले जिल्लाभर उत्पादित काँचो इँटामा क्षति पुगेको हो ।


जिल्लामा हाल करिब ३० वटा इँटा उद्योग सञ्चालनमा रहेका लुम्बिनी उद्योग व्यवसायी सैले जनाएको छ । "पछिल्लो समय कोइला र डिजेलजस्ता इन्धनको मूल्यवृद्धिले उत्पादन लागत बढिरहेको अवस्थामा वर्षाका कारण करोडौं मूल्य बराबरको इँटा नष्ट हुँदा उद्योगी थप संकटमा परेका छन्", गुप्ताले भने । हरेक वर्ष दोहोरिने बेमौसमी वर्षाले उद्योग क्षेत्रलाई दीर्घकालीन असर पार्दै आएको उनको भनाइ छ । गणेश इँटा उद्योग रुपन्देहीका व्यवस्थापक गणेश रायमाझीले बेमौसमी वर्षाका कारण जिल्लामा करिब तीन करोडभन्दा बढी काँचो इँटा नष्ट भएको जानकारी दिए । "पोल्नका लागि तयारी अवस्थामा राखिएका काँचो इँटा पानीले भिजेर पूर्ण रूपमा नष्ट भएका छन्", उनले भने । एउटा काँचो इँटाको मूल्य औसत रु सात पर्ने भएकाले कुल क्षति करोडौं रुपैयाँभन्दा माथि पुगेको रायमाझीले बताए । काँचो इँटाको बिमाको व्यवस्था नहुँदा उद्योगीले वर्षेनी ठूलो नोक्सानी व्यहोर्नु परेको उनले गुनासो गरे । उद्योगीले अन्य उत्पादन क्षेत्रसरह इँटा उद्योगलाई पनि बिमा प्रणालीभित्र समेट्ने नीति ल्याउन सरकारसँग माग गरेका छन् । मौसमजन्य जोखिम न्यूनीकरणका लागि दीर्घकालीन नीति आवश्यक रहेको उनहरूको भनाइ छ । हिउँदसँगै सुरु हुने इँटा उत्पादन मौसमको अनियमितताले प्रभावित हुँदा यस क्षेत्रको समग्र लगानी र रोजगारीमा समेत असर पर्दै आएको छ ।-**रासस**

# पाल्पा उद्योग वाणिज्य संघमा चुनावी सरगर्मी

## अध्यक्षमा भट्टराई र सिंहबिच प्रतिष्पर्धा

**हाम्रा संवाददाता**

**पाल्पा,** चैत १२/ पाल्पा उद्योग वाणिज्य संघको यही चैत १४ हुने चुनावको सरगर्मी बढेको छ । उम्मेदवारी दर्ता भएपछि चुनावी सरगर्मी बढेको हो ।




२५ पदको लागि ३६ जनाले उम्मेदवारी दर्ता गराएका छन् । अध्यक्षमा निवर्तमान अध्यक्ष शैलेन्द्र भट्टराई र निवर्तमान महासचिव समिर मान सिंह बिच प्रतिष्प्रर्धा हुँदै छ । वाणिज्य उपाध्यक्षतर्फ रञ्जना कुमारी थापा अर्याल र सुरेन्द्र कर्माचार्यबिच भिडन्त हुने भएको छ । दुबै अध्यक्ष पदका उम्मेदवारले प्यानल नै खडा गरेर निर्वाचनमा होमिएका छन् । यसैगरी क्षेत्र नं. ३ मा दुई पदको लागि विनोद नेपाल, विश्व के.सी. र विष्णु प्रसाद रेग्मीबिच प्रतिष्प्रर्धा रहेको छ । क्षेत्र नं. ४ मा दुई सदस्यको लागि नारायण न्यौपाने, मञ्जु रेग्मी र नारायण बहादुर पछाईबिच प्रतिष्प्रर्धा हुने छ । क्षेत्र नं. ७ मा दुई सदस्यको लागि महेश शर्मा आचार्य, सविन मल्ल, मोहन बहादुर कुवँर र महेन्द्र श्रेष्ठविच कडा प्रतिष्प्रर्धा हुने छ । यसैगरी क्षेत्र नं. १० मा दुई सदस्यको लागि सागर खड्का, विदुर घिमिरे, नविन घिमिरे, सुरेश गोदार र नम्रता थापाबिच प्रतिष्प्रर्धा रहेको छ । क्षेत्र नं ११ मा दुई सदस्यको लागि कमल प्रसाद पाण्डे, जीवन पाण्डे, अनित श्रेष्ठ र सन्तोष श्रेष्ठ चुनावी मैदानमा छन् । (... **बाँकी अन्तिम पेजमा**)

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना

# सम्पादकीय

## रामनवमी पर्वको महत्व

राम नवमी हिन्दू धर्मावलम्बीहरूको एक पर्व हो । यो पर्व चैत्र महिनाको शुक्ल पक्षको नवमी तिथीका दिन मनाइने गरिन्छ। यो दिनलाई भगवान् श्रीराम चन्द्रको जन्म दिनको रूपमा लिइन्छ । यो पर्व चैत्र नव रात्रको विचमा आउने भएकाले यो दिन भगवान् श्रीराम का साथै आद्य शक्ति नव दुर्गा देवीको पनि पूजा हुन्छ । त्रेता युगमा चैत्र शुक्ल नवमीका दिन अयोध्यामा जन्मनु भएका श्री रामले दानवीय प्रवृत्तिका रावणको अन्त्यगरी जनकल्याण गरिएको सम्झनामा यो पर्व मनाइन्छ । हिन्दू धर्मावलम्बीहरू रामनवमीका दिन बिहानै नुहाइधुवाइ गरी राम मन्दिरमा गई पूजा आराधना गर्ने गर्दछन् ।

हिन्दुधर्ममा यो पर्वलाई अति महत्वपूर्ण पर्वको रुपमा लिने गर्ि रन्छ । यो पर्व भगवान् रामको जन्म दिवसको रुपमा मनाइन्छ, जसको जीवन र शिक्षाले संसारलाई सत्य, धर्म र नीति पालना गर्न प्रेरित गरेको छ । नेपालमा विशेषगरी हिन्दु समुदायमा यो पर्व अत्यन्त श्रद्धासँग मनाइन्छ र विभिन्न धार्मिक तथा सांस्कृतिक गतिविधिहरुको माध्यमबाट भगवान् रामको जीवन र शिक्षाको महिमा गरिएको हुन्छ । रामनवमी पर्वको जिज्ञासु र धार्मिक महत्वलाई मध्यनज र गर्दै यस दिनको पर्व नेपालमा विशेष धुमधामका साथ मनाइन्छ । विशेषगरी, जनकपुर सहरमा जहाँ माता सीताको जन्मस्थान रहेको मानिन्छ त्यहाँ यो पर्व अत्यन्त उल्लास र धुमधामका साथ मनाइन्छ ।

श्री राम एक असल स्वभाव र मर्यादा पुरुषोत्तमका रूपमा यो संसा रमा जन्म लिएका थिए । आजसम्म पनि पृथ्वी भरमा यिनको नाम अमर भएको छ । यिनले असत्यताको अन्धकार माथि सत्य अनि मर्यादाको उज्यालोको ज्योति विश्वभर्ि र फैलाएका छन् । यो पर्वले धार्मिक महत्व मात्रै राख्दैन, यसले नेपाली समाजको सांस्कृतिक महत्वलाई पनि उजागर गर्छ । यो पर्वले समाजमा सामाजिक एकता, सद्भाव र मेलमिलापलाई प्रवर्द्धन गर्दछ । नेपालका विभिन्न समुदायका मानिसहरु रामनवमीमा सहभागी भए र एकजुट हुँदै धर्मको पालन गर्नका लागि प्रेरित हुन्छन् । यसले हिन्दुधर्मका साम्प्रदायिक र सांस्कृतिक पक्षलाई सुरक्षित राख्नका लागि महत्वपूर्ण भूमिका खेल्छ । नेपालको धार्मिक र सांस्कृतिक परम्परामा रामनवमीको पर्वले विशेष स्थान राख्छ, र यस दिनको पूजा तथा अनुष्ठानले समाजमा एकता, सद्भाव र शान्तिको स्थापना गर्न मद्दत पुर्‍याउँछ ।

### Opinion @ Social Network

जसरी हेर्छौ त्यस्तै देख्छौ
कुरा अनुहार र पहिरन होइन सोंचको हो ।
*(निरुता राउत क्षेत्रीको फेसबुक स्टाटसबाट www.facebook.com/Niruta.rautchatri)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# रास्वपाले सुवर्ण अवसर नगुमाओस्



दुर्गा प्रसाद अर्याल

भन्ने गरिन्थ्यो यो मिश्रित निर्वाचन प्रणाली रहँदासम्म नेपालमा दुई तिहाईका त कुरै छोडौ कुनै पनि राजनीतिक दलको बहुमत पनि आउँदैन् । अस्थिर सरकार ,अस्थिर राजनीतिक अवस्था नेपालीको नियती जस्तै हो ।

विशेष परिस्थितिमा तय भएको फागुन २१ को आमनिर्वाचनले यी भनाईलाई गलत सावित गर्दै केहि वर्ष अगाडि खुलेको राजनीतिक दल रास्वपाले झण्डै दुई तिहाई नजिकको जनमत प्राप्त गरेको छ । जेनजी अभियान्ता ,युवा वर्ग , वैदेशिक रोजगारमा रहेका तमाम नेपालीको समर्थन ,जनतामा नयाँ दलको काम हेर्ने चाहना ,नेपाली जनतामा बढ्दै गएको राजनीतिक सचेतना जस्ता पक्ष यस प्रकारको जनमत प्राप्तको कारण बन्न पुगेको देखिन्छ । भ्रष्टाचारको अन्त्य ,सुशाशन,रोजगारी र देश बनाउने रास्वपाको नारालाई यो पटक जनताले विश्वास गरेको देखिन्छ । यो पटक राजनीतिक दलले चुनावी गठबन्धन गर्न नभ्याउदै जनताले देशभर गठबन्धन गरे, आपसी छलफल गरे अनि देशभरबाट अप्रत्याशित जनमत दिए । बहुमतको सरकार, दुई तिहाईको सरकार नेपालका लागि बिरलै घट्ने घटना ,ऐतिहासिक घटना जस्तै हुन् जुन यो पटक फेरि दोहोरिएको छ । विद्यमान तमाम समस्या समाधान गरेर देशलाई विधिको साशनमा रुपान्तरण गर्न ,बढ्दै गएको वैदेशिक रोजगारी दरमा कमी गर्दै देश भित्रै रोजगारीका अवसरहरु सिर्जना गर्न ,संविधान ,ऐन नियममा रहेका अप्ठ्यारा प्रावधान हटाउन ,आवश्यक ऐन नियम बनाउन जनमत प्राप्त दलको प्रमुख जिम्मेवारी रहेको देखिन्छ । यसका साथै संघीयतासँगै विकास भएको राज्यको नयाँ सरचनाले देश अस्थिर र अनियन्त्रित अवस्था देखिन्छ । यसलाई व्यवस्थित बनाउन ,विधिमा सञ्चालन गर्न ,तमाम वेथितिको चाङ , परम्परालाई आत्मसाथ गरेको कर्मचारीतन्त्र , सिमित साधन स्रोतकाबिच कार्य गर्न केहि चुनौती भएता पनि प्राप्त जनमतको कदर गर्दै आमजनतामा आशा जगाउने कार्य गर्ने एतिहासिक अवसर भने रास्वपालाई रहेको देखिन्छ । यहाँ यसैसँग सम्बन्धित विविध पक्षलाई लिएर चर्चा परिचर्चा गर्ने प्रयास गरिएको छ ।

**विगत र वर्तमान :**

नेपालको राजनीतिक इतिहासमा राजनीतिक दलले दुई तिहाई जनमत प्राप्त गर्नु एक दुर्लभ घटना जस्तै देखिन्छ । सर्वप्रथम वि.स. २०१५ मा बि.पी कोइरालाको नेतृत्वमा रहेको नेपाली काँग्रेसले झण्डै दुई तिहाई नजिकको जनमत ल्याएको थियो । त्यस जनमतबाट बनेको सरकारलाई पहिलो जननिर्वाचित सरकारको रुपमा पनि चिनिने गरिन्छ । देश र जनतामा केन्द्रीत बि.पी साशनको अहिले पनि चर्चा रहिरहेको छ । त्यस पछि वि.स. २०७४ सालमा तत्कालीन माओवादी र एमालेको एकिकरण पछि बनेको नेकपाले दुई तिहाई भन्दा बढी सिट ल्याएको तर जनतालाई आशा जगाउने काम नगर्दै आन्तरिक द्वन्द्वले छियाँ-छियाँ भएको नमिठो एतिहास हामी सामु रहेको छ । यी नमिठो विगतकाबिच रास्वपाले ल्याएको जनमत देश र जनताका पक्षमा प्रयोग हुने कुरामा जनता ढुक्क देखिन्छन् । यो एकाधिकार अवसर कुनै पनि राजनीतिक दललाई प्राप्त गर्न फेरि शताब्दी नै बिताउनु पर्ने देखिन्छ । यो राजनीतिक घटना अब फेरि नदोहोरिने भएकाले पाँच वर्षको समयलाई सुवर्ण अवसरको रुपमा प्रयोग गर्नु पर्ने रास्वपा र रास्वपा नेतृत्व माथि दवाब देखिन्छ ।

**रास्वपालाई प्राप्त जनमतको कारणहरु :**

भाद्र २३ र २४ को जेनजी आन्दोलन र सो क्रममा भएको ७६ जनाको हत्या र तीनको मृत्युले सडकमा पोतिएको रगत नमेटिदै ,जनमानसबाट ओझेल नपर्दै तत्काल आएको निर्वाचन मुख्य कारण बन्न पुगेको थियो जनमतमा आएको परिवर्तन । यसका साथै दशकौं अगाडिदेखि साशन गर्दै आएका पुराना राजनीतिक दलहरुप्रति जनमानसमा बढ्दै गएको वितृष्णा ,विशेष महाधिवेशनपछि गगन थापाको नेतृत्वमा रहेको काँग्रेसले छोटो समयका कारण जनतामा विश्वास स्थापित गर्न नसकेको अवस्था ,युवा वर्गको समर्थन, वैदेशिक रोजगारमा गएका लाखौं नेपाली र तीनका परिवारको रास्वपाप्रतिको समर्थन ,रास्वपाले वास्तविक जेनजी भावनालाई जितेको , विभिन्न किसिमका भ्रष्टाचारका काण्ड ,रातारात मिलेका प्रमुख शक्ति मानिने राजनीतिक दलको मिलन, ओलीको साशन सञ्चालन गर्ने तानशाह शैली , सामाजिक सञ्जाल प्रतिको प्रतिबन्ध , विभिन्न किसिमका सामाजिक सञ्जाल र अनलाईन खवर पोटलहरुको कन्टेनहरु रास्वपा र घण्टीमय , सुशासन ,भ्रष्टाचारको अन्त्य , देश भित्रै रोजगारी, कामका लागि विदेश जानु नपर्ने जस्ता नारा , काठमाडौं महानगरपालिकाको मेयरमा रहँदा राम्रो काम गरेर प्रतिष्ठा कमाएका ,युवा पुस्ताबिच लोकप्रिय बालेन्द्र शाहको रास्वपामा प्रवेश र भावि प्रधानमन्त्रीको रुपमा घोषणा, मधेशीको छोरो पहिलो पटक प्रधानमन्त्री बन्ने जनअपेक्षा, नेपाली जनतामा विकास हुँदै गएको राजनीतिक सचेतना आदी रास्वपालाई प्राप्त भएको जनमतको केही कारणहरु हुन् ।

**रास्वपाले अब गर्नु पर्ने कार्यहरु :**

दल हैन् मत परिवर्तन गर्न सिपालु देशभरका नेपाली जनताले स्थापित दलहरुलाई नराम्रो स्तिथीमा पुर्‍याए भने रास्वपाले आफुलाई एक पटक हेर्न गरेको आग्रहलाई विश्वास गर्दै झण्डै दुई तिहाईको जनमत दिए । प्राप्त जनमतबाट नहौसिएर ,नमातिएर ,नआतिएर पुरा समय देश र जनहितमा लाउनु पर्ने रास्वपा माथि दवाब बढ्दै गएको देखिन्छ । प्रमुख दल ,जिम्मेवार दल ,सरकार सञ्चालन गर्ने दलको हैसियतमा पुगेको रास्वपाप्रति जनतामा ठूलो अपेक्षा रहेको देखिन्छ । यसका लागि निम्न कार्य प्राथमिकतामा राखेर अघि बढ्नु पर्ने देखिन्छ ।

-विद्यमान ऐन नियमका अप्ठयारा प्रावधानहरु हटाउने, नयाँ ऐन नियम बनाउने ।

-सुशासन र विधिको साशन स्थापित गर्ने ।

-कर्मचारीतन्त्रमा सुधार ,राजनीतिक हस्तक्षेपबाटमुक्त गराउनुपर्ने ।

-राज्यका अंग र सवैद्यानिक अंगहरुलाई सरकारी हस्तक्षेपबाट मुक्त ,स्वचालित बनाउने ।

-बन्द भएका उद्योगहरुको सञ्चालन ,प्राकृतिक स्रोत साधनको परिचालन ।

-प्रदेशलाई मितव्ययी , स्थानीय तहको संख्या कटौती गरि थप अधिकार सम्पन्न बनाउने ।

-केन्द्रीय मन्त्रालय ,प्रदेश मन्त्रालय ,सासदको संख्यामा कटौती गर्ने ।

-कर बाहेक आम्दानीका थप स्रोतहरुको खोजी गर्ने ।

-रोजगारीका अवसरहरु सिर्जना ।

-उपभोग्य बस्तुको गुणस्तर कायम गर्ने ।

-अव्यवस्थित सिमालाई व्यवस्थित गर्ने ।

-उच्च पदस्थ कर्मचारी,नेताको सम्पत्ति छानबिन गर्ने ।

-शिक्षा र स्वास्थय नि:शुल्क ।

-सन्तुलित वैदेशिक नीति ।

-वैदेशिक लगानी आर्कषणका लागि लगानीमैत्री वातावरण सिर्जना गर्ने ।

-समानुपातिक बजेट बाडफाँड ।

**रास्वपालाई अवसर र चुनौती :**

जनमत प्राप्त गर्नु मात्रै ठूलो उपलब्धी हैन् ,यसको सहि सदुपयोग प्रमुख विषयवस्तु हो । जनताको जनमतलाई सहि प्रयोग गर्न नसक्दा विगतमा दुई तिहाइ , बहुमतको सरकार र पार्टीले जनविश्वास गुमाएको ,दल फुटेको ,सरकार ढलेको ,तत्कालीन माओवादी सकिएको ,दुई तिहाई बढीको नेकपा सडकमा पुगेको नमिठो इतिहास हामीसँग ताजै छ । दल फुटाउन ,सरकार र राजनीतिक दललाई असफल बनाउन विभिन्न देशीविदेशी शक्ति अदृश्यरुपमा सक्रिय भैरहने ,पार्टीलाई एकतावद्ध बनाएर राख्न ,दुई ठूला छिमेकी देशको स्वार्थ परिपूर्तीबाट बचेर राज्य सञ्चालन गर्न ,सिमित स्रोत साधनबाट जनताको बढ्दो चाहना र आवश्यकता परिपूर्ति गर्न रास्वपा नेतृत्वको सरकारको लागि मुख्य चुनौतीको रुपमा रहेको देखिन्छ ।

राजनीतिक अस्थिरता ,सरकार परिवर्तनका श्रृङ्खलादेखि वाक्कदिक्क भएका जनतालाई स्थिरताको उपहार दिनु ,तमाम वेथितीको अन्त्य गर्दै देशमा सुशाशन स्थापित गर्नु ,राजनीतिक खिचातानी र राजनीतिक स्वार्थले रुमलिएका सरकारी संयन्त्रलाई चुस्तदुरुस्त बनाई सेवा मैत्री बनाउने ,संसदलाई आरोप प्रत्यारोपबाट मुक्त बनाएर देश र जनतामा केन्द्रीत र जिम्मेवार बनाउने ,सरकारलाई जनताको अभिभावको भूमिकामा सञ्चालन गर्ने कार्यमा रास्वपालाई अवसर प्राप्त भएको छ । दशकौं अवधि बेथित हुँदा बनाउन नसकेका ऐन नियम बनाउने ,संशोधन गर्नुपर्ने संशोधन गर्ने ,संघीयतालाई व्यवस्थित र मितव्ययी बनाउने जस्ता तमाम कार्य गरेर इतिहास बनाउने अवसर झण्डै दुई तिहाईको जनमत प्राप्त रास्वपा र तीनको नेतृत्वमा रहेको छ । अबको पाँच वर्ष अवसरमा रुपान्तरण गर्नु जरुरी देखिन्छ । यो प्राप्त जनमत कुनै आवेग , उत्तेजना र भावनामा वहेर जनताले दिएको जनमत होइन् । यो कुनै किसिमको लहर र सामाजिक सञ्जालको प्रभावको कारण मात्रै प्राप्त भएको होईन । रास्वपाले प्राप्त गरेका हरेक जनमतमा जनताको दु:ख र पिडा मिसिएको छ , देश बन्ने मिठो सपनाले प्राथमिकता पाएको देखिन्छ । यति मात्रै नभएर जनतामा विकास हुँदै गएको राजनीतिक चेतना ,बर्षौदेखि केहि राजनीतिक दलको सिण्डीकेटले ग्रहस्थित जरा गाडेर बसेको बेथिती ,राजनीतिक अस्थिरताको अन्त्यका लागि जनताबाट चालिएको मौन क्रान्ति पनि हो । क्रान्तिको परिणाम हो रास्वपाले प्राप्त गरेको जनमत । जनताको जनमत र भावना नबुझि फेरि केहि सिमित स्वार्थका लागि पुरानै अवस्था दोहोरिएमा रास्वपाको नियत पनि वर्खामा उम्रेको च्याउ जस्तै नहोला भन्न सकिदैन् । जेनजी क्रान्तिले साथ दियो ,समयले साथ दियो ,जनताले साथ दिए अनि रास्वपालाई प्राप्त भयो देश बनाउने स्वर्णीम अवसर ।

**निष्कर्ष :**

जनतामा राजनीतिक चेतना बढ्दै गएको छ । दल नफेरिकन मत फेर्न जनता सिपालु भै सकेका छन् । काम गर्ने र नगर्ने नेता र दल छुट्याउन सक्ने ल्याकत राख्ने भएका छन् । जुन वि.स.२०६४ पछिका आमनिर्वाचनमा प्राप्त परिणामले देखाईसकेको छ । हिजो दुई तिहाई मत पाएका राजनीतिक दलको हैसियत आज दयनिय अवस्थामा रहेको छ । जनताका अपेक्षा, स्थिर सरकार र देश बनाउने एजेन्डा पुरा गर्न नसकेमा आजको रास्वपाको हैसियत आगामी दिनमा पुराना पार्टीको जस्तै नहोला भन्न सकिदैन् । दम्ब ,आवेग र उत्तेजनामा हैन देश र माटोलाई बुझेर साशन सञ्चालनको अभ्यास गरेमा रास्वपाको अबको पाँच बर्षे कार्यकाल सफल उन्मूख ,जनप्रिय हुनेमा दुईमत रहँदैन । यो जनमत र काम गर्ने स्वर्णीम अवसर रास्वपाले नगुमाओस् । यहि कामना गरौं ।***(लेखक अर्थशास्त्रका प्राध्यापक समेत हुन् ।)***

### महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

### दैनिक राशिफल

| | |
|---|---|
| **मेष** :नयाँ कामको थालनी हुनेछ। सहकर्मीहरूसँग सहकार्य राम्रो रहनेछ। | **तुला** :सफलता प्राप्त गर्न मेहनत गर्नुपर्ला। प्रेम सम्बन्धमा शंका उत्पन्न हुन सक्छ । |
| **वृष** : धैर्य र आत्मविश्वासमा वृद्धि हुनेछ। आर्थिक पक्ष सबल हुनेछ। | **बृश्चिक** : नयाँसम्बन्धहरू बन्ने सम्भावना छ । आर्थिकरूपमा सामान्य लाभ हुनेछ। |
| **मिथुन** :परिवारको साथले मन शान्त रहनेछ । आर्थिक रुपमा सावधानी अपनाउनुहोला । | **धनु** : धैर्य र लगनशीलताले योजनाहरु पूरा हुनेछन्। सवारी चलाउँदा सावधान रहनुहोला। |
| **कर्कट** : बौद्धिक क्षमता बलियो रहनेछ । काममा सफलता मिल्नेछ । | **मकर**: साथीभाइसँग रमाइलो समय बित्नेछ। शिक्षाको क्षेत्रमा प्रगति हुनेछ। |
| **सिंह**: कार्यक्षेत्रमा केही चुनौतीहरू आउन सक्छन् । नोकरीमा सहयोग मिल्ने छ । | **कुम्भ** : कार्यक्षेत्रमा जिम्मेवारी बढ्नेछ। पशुर जमिनबाट लाभ आर्जन गर्न सकिएला। |
| **कन्या** : नेतृत्व गर्ने अवसर प्राप्त हुन सक्छ। व्यापारमा लाभ हुने संकेत छ। | **मिन** : नयाँ विचारले सफलता दिलाउनेछ। आर्थिकरुपमा दिन लाभदायी रहनेछ। |

## स्वास्थ्य चर्चा

# बालेनलाई खुला पत्र : रोग लागे पनि बाँच्न पाउने गरिबको अधिकार कसरी सुनिश्चित होला ?




**डा. बालकृष्ण साह**

यो पत्र लेखिरहँदा म एक चिकित्सक मात्र होइन, ती हजारौँ निरीह आँखाहरूको प्रतिनिधि भएर लेखेको हुँ । म अस्पतालको चिसो भुइँमा छटपटाउँदै अन्तिम सास फेर्ने गरेका बृद्ध, अस्पतालसम्म पुग्न नपाएका गर्भवती र बिमारी बच्चालाई अस्पताल भर्ना नगरी गाँउकै 'धामी'लाई देखाउँला भनी फर्किएका निरीह बाबुहरूको पनि प्रतिनिधि भएर लेख्दै छु। हो, शिक्षा र स्वास्थ्य हरेका नागरिकको मौलिक अधिकार हो । यसलाई जहिल्यै चुनावी मुद्दा बनाइयो तर के हामीले कहिल्यै यसमा न्याय गर्न खोज्यौँ ? शिक्षा नपाएको मान्छे संघर्ष गरेर बाँच्न सक्छ । अक्षर नचिने पनि श्रम गरेर पेट पाल्न सक्छ । तर, उपचार ? उपचार नपाएको मान्छे तड्पेर मर्छ । शिक्षा 'जीवनको गुणस्तर' हो भने स्वास्थ्य 'जीवनको आधार' हो । आधार नै भत्किएको देशमा गुणस्तरको कुरा गर्नु कतिसम्म नैतिक हुन्छ ? जब एक गरिब नागरिक उपचार नपाएर मर्छ । त्यो 'प्राकृतिक मृत्यु' होइन, त्यो राज्यको संरचनाले मृत्यु हुन बाध्य बनाएको होइन र ?

**गरिबको मृत्यु : पैसा नहुनु कि राज्य नहुनु ?**

नेपालमा स्वास्थ्य सेवा 'अधिकार' बाट सरेर 'बजारको वस्तु' बनेको छ । नेपालमा कुल स्वास्थ्य खर्चको झन्डै ५८ प्रतिशत नागरिकले आफ्नै खल्तीबाट बेहोर्नुपर्ने तथ्यांकले देखाएको छ । यसको अर्थ यदि तपाईंसँग पैसा छैन भने रोग लागेपछि बाँच्ने छुट छैन । हरेक वर्ष हजारौँ नेपाली परिवार स्वास्थ्य उपचारकै कारण गरिबीको रेखा मुनि धकेलिन्छन् । एउटा गम्भीर शल्यक्रिया, मिर्गौलाको डायलासिस वा क्यान्सरको उपचारले मध्यम वर्गीय परिवारलाई सडकमा पुऱ्याइदिन्छ । के एउटा लोक कल्याणकारी राज्यका लागि यो लज्जास्पद विषय होइन ?

**सरकारी अस्पतालको 'ढिलासुस्ती' : व्यवस्थापन कि षडयन्त्र ?**

सरकारी अस्पतालमा हुने भीड र ढिलासुस्ती सबैले अनुभव गरेको हुनुपर्छ । यो कुनै नौलो होइन । वर्षौंदेखि 'संसाधनको कमी' भनेर पन्छिने गरेको पाइन्छ । तर समस्या त्यो मात्र होइन । यो संरचनागत बेवास्ता हो । काठमाडौँ लगायत देशका ठूला अस्पतालहरुमा बिरामीको चाप क्षमताभन्दा ४ गुणा बढी छ । जब एउटै मेसिनले १० जनाको सट्टा १०० जनाको जाँच गर्नुपर्छ, तब मेसिन बिग्रिन्छ, पालो ढिलो आउँछ र सेवा गुणस्तरहीन हुन्छ । यो धुव्र सत्य हो । पछिल्लो चरणमा सरकारी अस्पताल तथा स्वास्थ्य केन्द्रमा 'काम गर्ने' र 'काम छल्ने' बीचको भिन्नता मेटिएको छ । राम्रो गर्नेलाई पुरस्कार र नगर्नेलाई दण्ड नहुँदा प्रणाली शिथिल भएको छ । कतिपय अवस्थामा सरकारी सेवालाई जानाजान कमजोर बनाइएको कुरा पनि सुनिन्छ। यसले बिरामीलाई निजी अस्पतालमा गएर महँगो उपचार सेवा लिन बाध्य बनाउँछ । यो नीतिगत भ्रष्टाचारको एउटा नदेखिने पाटो हो ।

**स्वास्थ्य सेवा कमजोर हुनुका तीन प्रमुख कारण**

**पहिलो -** हामीले ठूला-ठूला भवन र टावरहरुमा अर्बौं खर्च गर्यौं । सुरक्षा र पूर्वाधारमा पनि खर्च गऱ्यौं । तर गाउँको स्वास्थ्य चौकीमा एउटा रक्तचाप नाप्ने मेसिन दुरुस्त राखेनौं । स्वास्थ्य सेवा दिने जनशक्ति थप्न सकेनौं । जब गाउँमा उपचार हुँदैन, सामान्य बिरामी पनि शहरका ठूला अस्पतालमा आउन बाध्य हुन्छन् । यसले एकातिर प्रणालीमा भार थप्यो अनि अर्कोतिर खाना, यातायात, बसाइको थप भार बिमारीलाई पाऱ्यो ।

**दोस्रो -** नेपालले उत्पादन गरेका उत्कृष्ट चिकित्सक र नर्सहरू आज विदेश पलायन भइरहेका छन् । उनीहरूलाई स्वदेशमा न उचित सेवा(सुविधा छ, न कार्यस्थलमा सुरक्षा नै । राज्यले उनीहरूलाई 'श्रमिक' को रूपमा मात्र देख्छ । 'दक्ष पूँजी' को रूपमा कहिले हेरेको छैन । उनीहरूले मेहनत गरेर पाएको दक्षता र दिएको समयको मूल्य र जस छैन । अनि बाध्यताले चेपिएर देश छाड्न बाध्य हुन्छन् । देशमा बस्नेहरू पनि अध्ययनले सिनियर भन्दा पनि उमेरले, सरकारी सेवामा प्रवेश गरेका आधारमा सिनियर भएकाहरुको मातहातमा काम गर्नुपर्ने हुन्छ । दक्षता एकातिर अनि काम अर्कातिर गर्नुपर्ने बाध्यतामा छन् । अनि खुसी भएर, नेतृत्व गरेर, हौसलाका साथ काम कसरी गर्न सक्छन् ? राज्यले बुझेका छैनन् ।

**तेस्रो** -विश्व स्वास्थ्य संगठनका अनुसार कुल बजेटको कम्तीमा १० प्रतिशत स्वास्थ्यमा हुनुपर्छ । तर हाम्रो देशमा स्वास्थ्य बजेट सधैं ५-६ प्रतिशतमा खुम्चिन्छ । यो लगानीले त केवल कर्मचारीको तलब र भवनको मर्मत मात्र धान्न सक्छ, जनताको उपचार होइन । अनि सरकारले असफताको दोष चाहिँ सीमित श्रोत र साधनमा काम गर्नुपर्ने स्वास्थ्यकर्मी तथा चिकित्सकलाई दिन्छ ।

**समाधान:भाषण होइन, शल्यक्रिया चाहियो**

यो प्रणालीलाई सुधार्न'कस्मेटिक' परिवर्तनले पुग्दैन, 'रेडिकल' परिवर्तन चाहिन्छ । स्वास्थ्य बीमा एउटा उपाय हुन सक्छ । आवश्यक परेको अवस्थामा बीमाले उपचार सहज गराउने उद्देश्य स्वास्थ्य बीमाको रहन्छ । तर हाम्रो देशमा बीमा आवश्यक अवस्थामा उपचार गर्ने भन्दा पनि 'होल बडी चेक अप' गर्ने साधन भएको जस्तो देखिन्छ ।बीमाको सेवा दिएका अस्पतालहरूले समयमा बीमा सेवाको शुल्क पाउँदैनन् । र अर्कोतिर केहीले अनुचित कार्य गरेको, गलत रिपोर्टका आधारमा दाबी गरेको समाचारहरू पनि आएको पाइन्छ । सबैभन्दा दुखद् त जुन बर्गका लागि लक्षित हो, त्यो वर्गका धेरैले बीमा गरेकै हुँदैनन् । त्यसैले यसमा पुन: नयाँ तरिकाले जानुपर्छ । गरिबको प्रिमियम राज्यले तिर्ने र सरकारी अस्पतालमा सीमित गर्नु एउटा विकल्प हुन सक्छ । यसले अनावश्यक रुपमा 'होल बडि चेकअप' र गलत रिर्पोट तयार गरेर रकम दाबी गर्ने परम्परा दुवै अन्त्य हुन्छ । गाउँबाट बिरामी सिधै ठूला,टिचिङ वा वीर अस्पताल पुग्ने वातावरणको अन्त गरिनुपर्छ । स्थानीय तहमा बनाइएका आधारभूत अस्पतालहरूमा दक्ष जनशक्ति र क्षमता बढाउनुपर्छ । जिल्ला अस्पतालमा दरबन्दी अनुसारका चिकित्सकहरू खटाउँदै विशेषज्ञ सेवा पुऱ्याउनु पर्छ । तल्लो तहका अस्पताललाई स्रोतसाधन सम्पन्न बनाए मात्र माथिल्लो तहको भीड घटाउन सकिन्छ । र साधन सम्पन्न गर्न अनावश्यक र महंगा सामानहरू किनेर मात्र हुदैन, दक्ष जनशक्ति पनि चाहिन्छ भन्ने हेक्का हुनुपर्छ । जबसम्म राष्ट्रपतिदेखि वडा अध्यक्ष सम्मका व्यक्तिहरूले 'नेपालकै सरकारी अस्पतालमा उपचार गराउनुपर्ने' बाध्यात्मक नियम बन्दैन तबसम्म स्वास्थ्य प्रणाली सुध्रिदैन । अस्पताल पद्धतिले चल्नुपर्छ, राजनीतिक दबाब र चाप्लुसीको भरमा होइन । समाजिक र आर्थिक सुरक्षाको प्रत्याभूति हुनुपर्छ । कुन अस्पतालमा कति बेड खाली छन् ? कुन विशेषज्ञको दरबन्दी कहाँ खाली छ ? जनताले थाहा पाउनुपर्छ । जनसंख्या र चापअनुसार दरबन्दी नथप्ने, चिकित्सकहरूको दरबन्दी खाली राख्ने अनि भएका थोरै चिकित्सकले सबै कामको जिम्मा लिनुपर्ने वातावरण छ । त्यसैले पनि जनताको आक्रोश चिकित्सकहरू माथि भएको हो । यो जनतालाई अन्योलमा राखेर चिकित्सकलाई मात्र दोष दिन हुँदैन ।

**माननीयज्यू,**

के राज्यको दायित्व सडक पिच गर्नु र टावर बनाउनु मात्र हो ? ती सडकमा गुड्ने मान्छे नै स्वस्थ छैनन् भने त्यो विकासको के अर्थ ? स्वास्थ्य सेवा 'दया' होइन, यो 'न्याय' हो । र न्याय ढिलो दिनु भनेको न्याय नदिनुसरह हो । आजैबाट स्वास्थ्यलाई राजनीतिक मुद्दा होइन, राष्ट्रिय संकटका रूपमा लिएर काम गर्नु होला ।- **अनलाईन खबर**

# अझै ४२ प्रतिशत क्षयरोगका बिरामी उपचार बाहिर



**काठमाडौँ,** नेपालमा ४२ प्रतिशत क्षयरोगका बिरामी उपचार बाहिर रहेको पाइएको छ । मंगलबार विश्व क्षयरोग दिवस मनाइरहँदा राष्ट्रिय क्षयरोग नियन्त्रण केन्द्रका निर्देशक डा भुवन पौडेलले नेपालमा बर्सेनि ६७ हजार क्षयरोगका नयाँ बिरामी भेटिने गरेकामा ४२ प्रतिशत उपचार बाहिर रहेको बताए । उनले उपचारको दायराभन्दा बाहिर रहेका बिरामीलाई उपचारमा ल्याउन चुनौती रहेको बताए ।

नेपालमा २०८१/०८२ मा औषधि संवेदनशील क्षयरोगका बिरामी ३९ हजार १५१ जना पहिचान गरिएको थियो । तीमध्ये ६१ प्रतिशत पुरुष, ३९ प्रतिशत महिला र पाँच दशमलव छ प्रतिशत १५ वर्षमुनिका बालबालिका रहेका थिए । उपचारमा रहेका बिरामीमध्ये ७२ प्रतिशत फोक्सोसम्बन्धी क्षयरोग र २८ प्रतिशत फोक्सोबाहेकका अंगमा क्षयरोग देखिएका थिए । यस्तै, औषधि प्रतिरोधी क्षयरोगका बिरामी ६२५ जना रहेका थिए । केन्द्रका निर्देशक डा.पौडेलले औषधि संवेदनशील क्षयरोगमा ९२ प्रतिशत र औषधि प्रतिरोधी क्षयरोगमा ७६ प्रतिशत उपचार सफलता पाइएको बताए । उनका अनुसार क्षयरोगका कारणले ५१ प्रतिशत बिरामी र तिनका परिवारले आर्थिक भार बेहार्नुपरेको छ । समाजमा क्षयरोगीलाई लाञ्छना र सामाजिक भेदभाव पनि समस्याका रूपमा रहेको उनले उल्लेख गरे । नेपालमा हरेक वर्ष १६ हजारको क्षयरोगका कारण मृत्यु हुने गरेको जनाइएको छ । यस रोगबाट मृत्यु दर प्रतिएक लाखमा ५३ जना रहेको छ । निर्देशक डा. पौडेलले नियमित औषधि सेवन गरे ९२ प्रतिशत क्षयरोग निको हुने बताए । "नियमित छ महिना औषधि खाएका सय जनालाई हामीले परीक्षण गरेका थियौँ । तीमध्ये ९२ प्रतिशतको उपचार सफल भएको पाइयो", उनले भने,"यस कारण समयमा र नियमित उपचार गर्न यो रोग लागेकाहरूलाई आग्रह गर्दै आएका छौँ ।"सरकारले सन् २०५० सम्म क्षयरोगलाई निवारण गर्ने लक्ष्य लिएको छ । सन् २०५० मा १० लाखमा एक जना क्षयरोगका बिरामी झार्ने लक्ष्य रहेको जनाइएको छ । केन्द्रका निर्देशक डा.पौडेलका अनुसार सन् २०३५ मा एक लाखमा १० जनाभन्दा कममा क्षयरोगको सङ्क्रमण झार्ने लक्ष्य रहेको छ । यस वर्ष 'हो हामी क्षयरोग अन्त्य गर्छौं । राष्ट्रिय अभियान हाम्रो योगदान' भन्ने नाराका साथ दिवस मनाइएको छ । *-रासस*

# अनुहारको सुन्दरता बढाउने नीमका ७ फेस प्याक



**काठमाडौँ,** नीमको बोट औषधीय गुणहरूले भरिपूर्ण हुन्छ र त्यसैले यो छालाका लागि निकै फाइदाजनक मानिन्छ। यसको एन्टी-ब्याक्टेरियल, एन्टी-इन्लेमेटरी र एन्टी-फंगल गुणहरूले डन्डिफोर, दाग-धब्बा र बिमिराहरू हटाउन प्रभावकारी भूमिका खेल्छन् । तपाईंले पनि नीमको फेस प्याक बनाएर लगाउन सक्नुहुन्छ । यसले छालाबाट अतिरिक्त चिल्लोपन निकाल्छ, दाग-धब्बाहरू कम गर्छ र अनुहारलाई चम्किलो बनाउन पनि असरदार हुन्छ। आउनुहोस्, यहाँ जानौं नीमबाट कुन-कुन फेस प्याकहरू बनाउन सकिन्छ:

**नीमबाट बनाउनुहोस् यी ७ फेस प्याक**

**१. नीम र बेसनको फेस प्याक**

यो फेस प्याक बनाउनका लागि एक चम्चा नीमको धुलोमा एक चम्चा बेसन र थोरै गुलाब जल हालेर पेस्ट बनाउनुहोस् । यो फेस प्याकलाई अनुहारमा लगाएर २० मिनेटसम्म राख्नुहोस् र त्यसपछि पखाल्नुहोस्। यसले छालामा निखार ल्याउँछ। यसलाई हप्तामा १ पटक लगाउन सकिन्छ।

**२. नीम र दहीको फेस प्याक**

अनुहारको सुन्दरता बढाउनका लागि नीम र दहीको यो फेस प्याक लगाउन सक्नुहुन्छ। नीमको धुलोमा पेस्ट बन्ने जति दही मिसाएर फेस प्याक तयार गर्नुहोस्। यसलाई अनुहारमा २० मिनेटसम्म लगाएर राखेपछि पखाल्नुहोस्। यसले छालालाई आवश्यक नमी प्रदान गर्छ।

**३. नीम र घिउकुमारी (एलोभेरा) को फेस प्याक**

१ चम्चा नीमको पेस्टमा १ चम्चा एलोभेरा जेल मिसाउनुहोस्। यो फेस प्याकलाई अनुहारमा १५ देखि २० मिनेटसम्म लगाएर राखेपछि पखाल्नुहोस्। यो फेस प्याकले छालालाई चम्किलो बनाउनुका साथै शीतलता पनि प्रदान गर्छ।

**४. नीम र मुल्तानी माटोको फेस प्याक**

एक चम्चा नीमको धुलोमा एक चम्चा मुल्तानी माटो र थोरै गुलाब जल मिसाउनुहोस्। यो फेस प्याकलाई अनुहारमा लगाउनुहोस् र सुकेपछि पखाल्नुहोस्।

**५. नीम र बेसारको फेस प्याक**

नीम र बेसारको फेस प्याक बनाउनका लागि एक चम्चा नीमको पातको पेस्टमा एक चम्चा मह र एक चिम्टी बेसार मिसाएर पेस्ट तयार गर्नुहोस्। यो पेस्टलाई अनुहारमा १५ देखि २० मिनेटसम्म लगाएर राखेपछि सफा पानीले पखाल्नुहोस्।

**६. नीम र श्रीखण्डको फेस प्याक**

नीम र श्रीखण्डको फेस प्याकले छालालाई शीतलता दिन्छ र नीमले डन्डिफोर कम गर्न प्रभावकारी असर देखाउँछ। एक चम्चा नीमको धुलोमा एक चम्चा श्रीखण्डको धुलो मिसाउनुहोस् र त्यसमा गुलाब जल हालेर फेस प्याक तयार गर्नुहोस्। यो फेस प्याकलाई अनुहारमा लगाएर १५ देखि २० मिनेटसम्म राखेपछि पखाल्नुहोस्।

**७. कागती र नीमको फेस प्याक**

यदि अनुहारमा जिद्दी ब्ल्याकहेड्स छन् भने यो फेस प्याक बनाएर अनुहारमा लगाउन सकिन्छ। एक चम्चा नीमको धुलोमा आधा चम्चा कागतीको रस र आवश्यकता अनुसार पानी मिसाएर पेस्ट तयार गर्नुहोस्। १० देखि १२ मिनेटसम्म यो फेस प्याकलाई अनुहारमा लगाएर राखेपछि पखाल्नुहोस्।

**अस्वीकरण:** यो लेख मेडिकल रिपोर्टहरूबाट संकलित जानकारीको आधारमा तयार पारिएको हो। थप जानकारीका लागि आफ्नो डाक्टरसँग परामर्श लिनुहोस् ।*-रातोपाटी डटकम*

# आज रामनवमी, देशभर सार्वजनिक विदा



**पाल्पा,** चैत १२/ आज रामनवमी पर्व मनाइँदैछ । हेरक वर्ष चैत्र शुक्ल नवमीका दिन मर्यादा पुरुषोत्तम भगवान् रामचन्द्रको सम्झनामा 'रामनवमी' पर्व मनाइने गरिएको हो ।

हिन्दू धर्मावलम्बीले श्रद्धापूर्वक रामको पूजा गरेर यो पर्व मनाउने गर्छन् । हरेक वर्षको चैत शुल्क नवमीमा पर्ने यस पर्वमा मर्यादा पुरुषोत्तम भगवान् रामचन्द्रको स्मरण गरिन्छ । त्रेतायुगमा आजकै दिन अयोध्यामा श्रीरामको जन्म भएको पौराणिक ग्रन्थमा उल्लेख छ । भक्तालुजनले नदी, ताल, कुण्डमा स्नान गरी व्रत बसेर रामगीता पाठ गर्ने परम्परा रहेको छ । असत्यमाथि सत्यको विजय तथा भगवान् श्रीरामको सम्झनामा मनाइने रामनवमी पर्वका उपलक्ष्यमा भगवान् रामचन्द्रका मन्दिरमा पूजापाठ गरिन्छ । विष्णुको सातौँ अवतार मानिने उनको जन्म हुँदा पुनर्वसु नक्षत्र थियो । कुण्डलीमा चन्द्रमाका साथ बृहस्पति रहेको कर्कट लग्नको योग परेको थियो । भगवान् रामचन्द्रको कुण्डलीमा पाँचग्रह सूर्य, मंगल, गुरु, शुक्र र शनि एकसाथ हुने दुर्लभ योग परेको थियो । वर्षका चार नवरात्रमध्येको वासन्तीय नवरात्रका नवमीका दिन जन्मिएका रामचन्द्रले राक्षसी प्रवृत्तिको अन्त्य गरी रामराज्य स्थापना गरेका थिए । रामनवमी पर्व मनाउनुको महत्व राम जस्तै मर्यादित, अनुशासित र नियन्त्रित राज्य सञ्चालकको आशा गर्नु रहेको जानकारहरु बताउँछन् । श्रीरामको जन्म भएको स्मृतिमा पवित्र नदी, ताल तथा कुण्डहरूमा स्नानका साथ व्रत बसी रामगीता पाठ, अध्यात्म, वाल्मीकीय, तुलसीकृत र भानुभक्तीय रामायण वाचन गर्ने र भगवान् रामको पूजा आराधना गरी रातभरि भजनकीर्तन गर्ने परम्परा छ । रामनवमीका दिन देवी पूजा गरी रामचन्द्रको पूजापाठ एवम् आराधना गरेमा 'श्री' प्राप्त हुने शास्त्रीय मान्यता छ । परापूर्वकालमा वासन्तीय नवरात्रलाई नै मूल दसैँ मानिने गरेकोमा धेरै गर्मीका कारण असोजमा मनाउन थालिएको भनाइ छ । चैत र असोजको नवरात्रलाई जाग्रत दसैँका रुपमा महत्वका साथ मनाइन्छ भने पुस र असारको नवरात्रलाई सुप्त दसैँ भनिन्छ । यसैगरी, 'व्रतार्क' नामक ग्रन्थको अगस्त्य संहितामा चैत्र शुक्ल नवमीमा व्रत उपवास बसी श्रद्धा भक्तिपूर्वक रामचन्द्रको पूजा गर्नाले अनेक जन्मका पाप नाश भई वैकुण्ठ बास प्राप्त हुने उल्लेख छ । आजका दिन व्रत बसी श्री रामको पूजापाठ र जपध्यान गर्नाले चिताएको कार्य पूरा हुने र अर्को जन्ममा वैकुण्ठ बास हुने कुरा 'व्रतार्क' नामक धर्मग्रन्थमा उल्लेख छ । रामनवमीका दिन देशभरका विभिन्न स्थानमा रहेका राम मन्दिरमा मेला लाग्ने जनाइएको छ । रामनवमीको अवसरमा आज सरकारले सार्वजनिक बिदा समेत दिएको छ ।

## खेलकुद समाचार

# नेपाल पुलिस विजयी




**काठमाडौं,** चैत १२ / प्रधानमन्त्री कप एक दिवसीय राष्ट्रिय क्रिकेट प्रतियोगिता-२०२६ मा बागमती प्रदेशलाई ७ विकेटले पराजित गर्दै नेपाल पुलिस क्लबले प्रतियोगितामा दोस्रो जित दर्ता गरेको छ । माथिल्लो मूलपानी मैदानमा टस जितेर ब्याटिङ गरेको बागमतीले ४९ दशमलव २ ओभरमा अलआउट हुँदै २६५ रन बनाएको थियो । बागमतीले दिएको २६६ रनको विजयी लक्ष्य पछ्याएको नेपाल पुलिस क्लबले ४४ ओभरमा ३ विकेटको क्षतीमा २७१ रनसहित लक्ष्य पूरा गरेको हो ।

पुलिसको जितमा ओपनर शंकर रानाले ११६ रनको शतकीय पारी खेले । उनले १२८ बलमा १३ चौका र चार छक्का प्रहार गरे । त्यस्तै दिनेश खरेलले ७५ बलमा आठ चौका र तीन छक्काको सहयोगमा ७० रनको अर्धशतकीय पारी खेले । त्यस्तै कप्तान आरिफ शेख ४३ तथा रशिद खान १० रनमा अविजित रहे । बलिङतर्फ बागमतीको रिजन ढकाल, सन्दीप लामिछाने र सुवास खत्रीले समान एक/एक विकेट लिए । टस हारेर पहिला ब्याटिङ गरेको बागमतीले ४९ दशमलब २ ओभरमा सबै विकेट गुमाउदै २६५ रन बनाएको थियो । उसका लागि पवन थापाले सर्वाधिक ७९ रन जोडे । उनले १०१ बलमा ६ चौका र एक छक्का प्रहार गरे । त्यस्तै इशान पाण्डेले ८० बलमा ७१ रन बनाए । आशुतोष घिरैयाले २२, उत्तम थापाले २१ तथा कप्तान सन्दीप लामिछानेले १३ रन जोडे । पुलिसका लागि दिनेश खरेल र रशिद खानले समान तीन/तीन विकेट लिए भने करण केसीले दुई विकेट लिए । प्रतियोगितामा तीन विभागीय टोलीसहित सात प्रदेशको सहभागिता छ । प्रतियोगिताको विजेताले रु १० लाख तथा उपविजेताले रु पाँच लाख प्राप्त गर्ने जनाइएको छ ।

## अर्थ/कर्पोरेट समाचार

# नेप्से दोहोरो अंकले बढ्यो



**पाल्पा,** चैत १२/ दिनभर उचारचढावमा रहेको सेयर बजार अन्तिम समयमा दोहोरो अंकले बढेर बन्द भएको छ । यो साताको कारोबारको अन्तिम दिन विहीबार १४ दशमलव २१ अंकले बढेर दुई हजार ९५० दशमलव १६ को विन्दुमा कायम भएको हो ।

३४३ कम्पनीको तीन करोड चार लाख ३८ हजार ३१५ कित्ता शेयर एक लाख ४२ हजार ७३४ पटक खरिदबिक्री हुँदा १३ अर्ब १६ करोड २२ लाख ९९ हजार १७ दशमलव ४८ को कारोबार भएको नेप्सेले जनाएको छ । कारोबारमा विकास बैंक शून्य दशमलव शून्य पाँच, जीवन बिमा शून्य दशमलव शून्य चार र व्यापार समूह दुई दशमलव ८४ प्रतिशतले घटेको छ भने अरु सबै समूहको उपसूचक बढेको छ । बैंकिङ शून्य दशमलव ३७, वित्त शून्य दशमलव १७, होटल तथा पर्यटन एक दशमलव ५६, जलविद्युत् एक दशमलव ५६, लगानी शून्य दशमलव ५१, उत्पादन तथा प्रशोधन एक दशमलव ५०, लघुवित्त शून्य दशमलव २०, निर्जीवन बिमा शून्य दशमलव ४३ र अन्य समूह शून्य दशमलव ६५ प्रतिशतले बढेका छन् । रिलायन्स स्पिनिङ मिल्स लिमिटेड, सुपर खुदी हाइड्रोपावर लिमिटेड र होटल फरेन्ट इन लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ । सबैभन्दा बढी पञ्चकन्या माई हाइड्रोपावर लिमिटेडको शेयर मूल्य सात दशमलव ४८ प्रतिशतले घटेको छ । कारोबार रकमका आधारमा सबैभन्दा बढी एनआरएन इन्फ्रास्ट्रक्चर एण्ड डेभलपमेन्ट लिमिटेडको रु ९४ करोड २९ लाख ८० हजार ४६ बराबरको कारोबार भएको छ ।

# कृषिमा परागसेचन घट्दै जान...

...परियोजनाले पाल्पामा आगामी ५ वर्षसम्म फार्म प्रदर्शनी गर्ने, परागसेचनको वैज्ञानिक अध्ययन गर्ने, जागरण पैदा गर्ने, सरोकारवालमा क्षमता अभिबृद्धि गर्ने, विद्यालयस्तरमा हरित वगैचा निर्माण गर्ने, कृषक तथा कृषि प्राविधिक पाठशाला सञ्चालन गर्ने, सामाजिक सञ्जालमा पराग सेचन पैरवी कार्यक्रम सञ्चालन गर्ने, परागसेचन परेड कार्यक्रम सञ्चालन गर्ने, मौरीको उत्पादन बढाउन कृषक तथा प्राविधिकलाई तालिम, सामाग्री सहयोग, कृषि पर्यटनलाई बढाउन होमस्टे तालीम तथा सहयोग जस्ता कार्यक्रमहरु सञ्चालन गरिने लिवर्डका कार्यक्रम अधिकृत अनुपम उप्रेतीले जानकारी दिए । परियोजनाले तानसेन र बगनासकालीका किसानहरूलाई दिगो कृषि अभ्यासमा जोड्दै जैविक विविधता संरक्षणमा महत्वपूर्ण टेवा पुर्‍याउने विश्वास लिइएको छ । कार्यक्रममा जिल्ला समन्वय समिती, तानसेन नगरपालिका, कृषि ज्ञान केन्द्र, सुन्तला जात फलफूल, प्रधामन्त्री कृषि आधुनिकरण परियोजना तानसेनका वडा नं. ६ र ९ को सहभागिता रहेको थियो । छलफलमा जिल्ला समन्वय समितिका प्रमुख टंकनाथ खनाल, नगर प्रमुख सन्तोषलाल श्रेष्ठ, निमित्त प्रमुख प्रशासकीय अधिकृत दुर्गा बहादुर थापा, कृषि ज्ञान केन्द्रकी प्रमुख अमिता पाण्डे, वडा अध्यक्षहरु राजेश कुमार अर्याल, सागर महर्जन, हेफर इन्टरनेसनलका कार्यक्रम अधिकृत सोभाखर न्यौपाने लगायतले कार्यक्रमको बारेमा जिज्ञासा राखेका थिए । नगर उपप्रमुख उपप्रमुख प्रतिक्षा गाँहा सिंजालीको अध्यक्षतामा भएको कार्यक्रमको सञ्चालन हर्ड इन्टरनेशनलका लालबहादुर जिरेलले गरेका थिए ।

# पाल्पा उद्योग वाणिज्य...

...**उद्योग उपाध्यक्ष सहित विभिन्न क्षेत्रका सदस्यहरु निर्विरोध**

यस्तै गरी उद्योग उपाध्यक्षसहित विभिन्न क्षेत्रका सदस्यहरु निर्विरोध निर्वाचित भएका छन् । निर्विरोध निर्वाचित हुनेहरुमा उद्योग उपाध्यक्षमा मुक्तिराम जि.सी, क्षेत्रगत सदस्यहरुमा क्षेत्र नं. २ बाट सञ्जय कुमार श्रेष्ठ र विष्णु बहादुर पछाई, क्षेत्र नं. ५ बाट विनायक महर्जन र किशोरदर्शन बज्राचार्य, क्षेत्र नं. ६ बाट लक्ष्मण प्रसाद रेग्मी र अमन श्रेष्ठ, क्षेत्र नं. ८ बाट रमेश राज बज्राचार्य, क्षेत्र नं. ९ बाट निराकार श्रेष्ठ, क्षेत्र नं. १२ बाट दिपक घिमिरे र गंगाराम नेपाल, क्षेत्र नं. १३ बाट समत मियाँ र एसोसियट सदस्यमा दामोदर गैरे रहेका छन् । चैत्र १४ गते निर्वाचनको लागि निर्वाचन कार्यालय आवश्यक तयारीमा जुटेको निर्वाचन अधिकृत टंक प्रसाद पन्थले जानकारी दिए ।

वर्गिकृत डिस्प्ले
१X५ साइजमा मात्र
वर्गिकृत डस्प्लेमा
विज्ञापन दिनुहोस्
व्यवसाय
बढाउनुहोस् ।
सम्पर्कः ०७५-५२०६०१

मनको आवाज............
'नाम पनि यूनिक, काम पनि यूनिक'
यूनिक एफ.एम. ९४.२ मेगाहर्ज
विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन
प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई